फोन नं.०८६-४४०११८/४४०३०२
इमेल : akcrolpa@gmail.com

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र,रोल्पा

## प्रस्ताब आव्हानको सुचना

**प्रथम पटक प्रकाशन मिति :२०७७/०७/०३**

यस कार्यालयको आ.व.२०७७/०७८को स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले ईच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले ३५ दिन (२०७७।०८।०७ गते भित्र) यस कार्यालयमा तपसिलको विवरण सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।यस सम्बन्धी थप जानकारीको लागि यस कार्यालयको सूचनापाटी/वेभसाईट **www.akcrolpa.p5.gov.np वा molmac.p5.gov.np**बाट विभिन्न कार्यक्रमहरुको कार्यविधिहरु डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । साथै निवेदन र प्रस्तावको ढाचाँ,अनुसूचीहरु वेवसाइटको आवेदन फारममा गई प्राप्त गर्न सकिनेछ ।रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

### तपसिल

| क स | कार्यक्रमको नाम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदानको सिमा | आवेदकको किसिम | आवश्यक कागजातहरु |
|---|---|---|---|---|---|---|
| १. | आयमूलक कृषि वन प्रवर्द्धन कार्यक्रम | -सामुदायिक वन उपभोक्ता समूह वा समूहका सदस्यहरुले स्थापना गरेको फर्म,सहकारी,कृषक एकल वा संयुक्त रुपमा यस कार्यक्रममा सहभागी हुनेछन।<br>-प्रस्तावित कार्यक्रम सञ्चालन गर्न प्रस्ताव पेश गर्न अगावै सम्बन्धित वन कार्यालयमा अनुमति लिएको हुनुपर्नेछ। | फलफूल,जडिबुटी,मसला बाली,सुगन्धित वन पैदावार,अम्रिसो तथा डालेघाँस प्रजातीहरुका बिरुवाको लागि जग्गा तयारी,रेखाङ्कन,खाडल तयारी,मलखाद व्यवस्थापन,बिरुवा खरिद तथा ढुवानी, बिरुवा रोपण,सिचाई व्यवस्थापन आदि | -कूल लागतको ५०% वा प्रति हेक्टर रु ५० हजार मध्ये जुन कम हुन आउँछ सो रकम अनुदान उपलब्ध गराईनेछ । | सामुदायिक वन उपभोक्ता समूह/ सहकारी/ कृषक/ फर्म/कम्पनी | १.अनुसूची १को ढाँचामा निवेदन<br>२.अनुसूची २ बमोजिमको व्यवसायिक योजना<br>३.अनुसूची-३ बमोजिमको ढाँचामा प्रतिबद्धता पत्र र अन्य श्रोतबाट अनुदान नलिएको स्वघोषण पत्र।<br>४.संस्था दर्ता प्रमाण पत्र तथा विधानको प्रतिलिपि ।<br>५.सहकारी/फर्मको हकमा स्थायी लेखा नम्बर तथा कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।<br>६.सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।<br>७.समूहको निर्णय प्रतिलिपि र जिम्मेवार व्यक्तिको नागरिकता प्रमामपत्र प्रतिलिपि।<br>८. योजना स्थलसँग सम्बन्धित वन कार्यालयको अनुमति पत्र ।<br>९ कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता पत्र र लगानी स्रोतका आधारहरु |
| २. | कृषि पढेका युवाहरुलाई उद्यमशिलता अनुदान | कृषि बिषयमा जे.टि.ए./ जे.टि. प्रविणता प्रमाणपत्र तह, स्नातक , स्नातकोत्तर तह, तथा विद्यावारिधि उतिर्ण गरी ब्यवसायिक रुपमा कृषि पेशामा लागेको ४० बर्ष ननाघेको प्रस्तावक कुनै सरकारी गैर सरकारी तथा सैक्षिक सस्थामा पुर्णकालीन रुपमा / स्थायी नोकरीमा संलग्न नभएको कृषि बिषय अध्ययन गरेका एक भन्दा बढि युबाहरुले मिलेर प्रस्ताब पेश गर्न सक्ने छन। | पुष्प तथा फलफुल नर्सरी<br>मौरी पालन ब्यबसाय<br>कृषि संग सम्बन्धित प्रयोगशाला संचालन<br>ब्यबसायिक रुपामा तरकारी तथा च्याउ उत्पालन तथा फलफुल खेती आदि। | कुल लागतको ७५ प्रतिशत वा प्रति अनुदानग्राही रु २५००००। मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईने। | कृषि बिषयमा जे.टि.ए./ जे.टि.प्रविणता प्रमाणपत्र तह, स्नातक स्नातकोत्तर तह, तथा विद्यावारिधि उतिर्ण | १.नेपाली नागरिकताको प्रतिलिति।<br>२. न्युनतम शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि।<br>३.सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।<br>४. जग्गाधनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गाभाडामा लिई कार्यक्रम सञ्चालन गर्नको लागि कम्तिमा १० वर्षको करार करार गरिएको सम्झौता-पत्रको प्रतिलिपि ।<br>५. कम्तीमा १० वर्ष सम्म व्यवसाय संचालन गर्ने अनुसुचि २ बमोजिमको प्रतिबद्धता पत्र।<br>६.आकेदकको कृषि क्षेत्रमा कार्य गरेको अनुभब कागजपत्रको प्रतिलिपि । |

***नोट*** *: थप जानकारीका लागि कृषि ज्ञान केन्द्र, रोल्पामा सम्पर्क राखु हुन तथा कार्यालयको फोन नं. ०८६४४०११८ र ०८६४४०३०२ मा सम्पर्क राख हुन अनुरोध गरिन्छ ।*